वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २२७ | २०८२ पुस १८ गते शुक्रबार, नेपाल सम्वत् ११४६ January 02, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## 'ग्रामीण पर्यटन भ्रमण वर्ष-२०२६' मनाउने तयारीमा बन्दीपुर

भञ्ज्याङ समाचारदाता/तनहुँ

बन्दीपुर भ्रमण वर्ष-२०२५ मा लक्ष्य भन्दा दोब्बर पर्यटक भित्र्याउन सफल भएको बन्दीपुरले सन् २०२६ लाई 'ग्रामीण पर्यटन भ्रमण वर्ष'का रूपमा मनाउने घोषणा गरेको छ ।

बन्दीपुर गाउँपालिका र बन्दीपुर पर्यटन विकास समितिले बुधबार 'बन्दीपुर भ्रमण वर्ष-२०२५' समापन र अंग्रेजी नयाँ वर्ष सन् २०२६ लाई स्वागत कार्यक्रम आयोजना गरी 'ग्रामीण पर्यटन भ्रमण वर्ष-२०२६' कार्यक्रम घोषणा गरिएको गाउँपालिका अध्यक्ष सुरेन्द्र बहादुर थापाले बताए।

यस कार्यक्रम अन्तर्गत बन्दीपुर लगायत छिमेकी पालिकाको गाउँघरलाई समेत समेटी सन् २०२६ लाई ग्रामीण पर्यटन भ्रमण वर्षको रूपमा मनाउने गरी अगाडि बढेको उनले बताए। अध्यक्ष थापाले भने, 'यस कार्यक्रमको मुख्य आकर्षण होमस्टे सर्किट रहने छ। सामुदायिक पर्यटनमा आधारित यस घोषणालाई मूर्तरूप दिनका लागि पर्यटन पूर्वाधार विकास, पर्यटन जनशक्ती उत्पादन, रैथाने बाली तथा वातावरण संरक्षण, मौलिक कलासंस्कृति पुस्तान्तरणका साथै डिजिटल मार्केटिङका लागि योजनावद्ध तरिकाले अगाडि बढ्ने तयारीमा छौ ।'

बन्दीपुरलाई मुख्य प्रवेशद्वार बनाएर छिमेकी गाउँका संस्कार, संस्कृति, प्रकृति वा कृषि विशेषताका आधारमा कार्यक्रमलाई अगाडि बढाउने तयारी गरिएको छ । बजार क्षेत्रमा केन्द्रित रहेको पर्यटनलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउनका लागि नेवार-गुरूङ-मगर बस्तीलाई संस्कृति सर्किटका रूपमा जोड्ने योजनामा गाउँपालिका छ । ग्रामीण पर्यटन प्रवर्द्धनका लागि डाँडा, गुफा, भ्यू प्वाइन्टलाई जोड्न प्रकृति/हाइकिङ सर्किट, कोदो, फापर, कफी, मौसमी तरकारी तथा स्थानीय कृषि उपजलाई बजारीकरण गर्नका लागि कृषि-खानपान सर्किट जस्ता कार्यक्रमलाई प्रथामिकतामा राख्दै पर्यटकलाई "एक ठाउँ हेरेर फर्कने" होइन, बस्ने र घुम्ने आधार तयार गर्ने योजनामा गाउँपालिका छ ।

ठूला होइन, उपयोगी र आवश्यक पूर्वाधार तयार गरी पदमार्ग, सूचना केन्द्र, सरसफाई, खानेपानी, सुरक्षित शौचालय, होमस्टेमा सफा कोठा, शौचालय, आगन्तुक सुरक्षाका साथै स्थानीय सामग्री प्रयोग गरी पर्यावरणमैत्री संरचना, पूर्वाधारले गाउँको मौलिकता नमारोस्, पर्यटक गाउँसँग घुलमिल हुन सकोस् भन्ने सोचलाई विकास गर्दै लगिने भएको छ ।

पर्यटन जनशक्तिअन्तर्गत गाउँमै गाइड, गाउँमै उद्यम जस्ता कार्यक्रम सञ्चालन गरी पर्यटनका माध्यमबाट ग्रामीण क्षेत्रका बासिन्दालाई आर्थिक सशक्तिकरण तर्फ उन्मुख गराउने यो कार्यक्रमको मुख्य उद्देश्य रहने गाउँपालिकाका अध्यक्ष थापाले बताए ।



ग्रामीण पर्यटनको आत्मा खानपान र कृषि भएकाले ग्रामीण पर्यटन वर्षलाई सफल बनाउनका स्थानीय कृषि उपज कोदो, फापर, मकै, गहुँ, स्थानीय साग-तरकारीलाई होमस्टेको मेनुमा अनिवार्य गरी 'फार्म टु टेबल' अनुभव लिनका लागि पर्यटक आफैंले टिप्ने, पकाउने जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ जोड्नुपर्ने पर्यटन विज्ञ एवं सम्पादा नेपालका अध्यक्ष हरिसिं गुरूङ बताउँछन् ।

ग्रामीण पर्यटनको आकर्षण भनेको मौलिक कला-संस्कृति भएकाले संस्कृति केवल मञ्चमा देखाउने कार्यक्रममा मात्र सिमित नगरी नियमित रोदी, घाँटु, कौरा, चुड्का, परम्परागत पोशाक, लोकवाद्य प्रयोग, विद्यालयस्तरबाटै संस्कृति सिकाउने कार्यक्रम, ज्येष्ठ पुस्ताबाट युवा पुस्तामा पुस्तान्तरणका कार्यक्रमलाई पनि जोड दिनुपर्ने अध्यक्ष गुरूङ बताउँछन् ।

प्रविधिको प्रयोग बढ्दै गएकाले 'प्रचार होइन, कथा बेच्ने' गरी डिजिटल मार्केटिङको खाँचो देखिएको छ । आजको पर्यटकले सूचना मोबाइलमै खोज्ने भएकाले एकीकृत वेबसाइट/प्लेटफर्म (होमस्टे बुकिङ, सर्किट जानकारी),

बाँकी तेश्रो पेजमा

## 'ठाडोभाका'को संरक्षणका लागि दमौलीमा प्रशिक्षण

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले लोपोन्मुख बन्दै गएको ठाडोभाका गीतको संरक्षणका लागि प्रशिक्षण सञ्चालन गरेको छ । गण्डकी प्रदेशको अमूल्य र मौलिक सांस्कृतिक पहिचान मानिने 'ठाडोभाका' लोकगीतलाई लोप हुनबाट बचाउन तथा नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यका साथ नगरपालिका प्रशिक्षण सञ्चालन गरेको हो ।

नगरपालिकाद्वारा स्थापित व्यास नगर प्रज्ञा प्रतिष्ठानले 'लोक संस्कृतिको उत्थान एवं संरक्षण- हाम्रो अभियान' भन्ने मूल नाराका साथ शुक्रबारदेखि दमौलीमा तीन दिने प्रशिक्षण कार्यक्रम सुरू गरिएको छ ।

प्रशिक्षणको शुभारम्भ गर्दै व्यास नगरपालिकाका प्रमुख एवं प्रज्ञा प्रतिष्ठानका कुलपति वैकुण्ठ न्यौपानेले मौलिक कला र संस्कृति नगरको अमूल्य सम्पत्ति भएको बताए । उनले भने, 'हाम्रो पहिचान झल्काउने ठाडोभाकाजस्ता संस्कृतिहरु ओझेलमा पर्नु चिन्ताको विषय हो । यसको जगेर्ना र नयाँ पुस्तामा सीप हस्तान्तरण गर्नु नगरपालिकाको मुख्य दायित्व ठानेर हामीले यो विशेष पहल सुरू गरेका हौं ।'

नगरपालिकाले भाषा, कला र संस्कृतिको संवर्द्धनलाई प्राथमिकतामा राखेर वार्षिक बजेट नै तय गरेको उपप्रमुख इन्दिरा दरैले बताइन् । उनले भनिन्, 'स्थानीय संस्कृतिको संरक्षणले नगरको पर्यटन र पहिचानमा दीर्घकालीन टेवा पुग्ने हाम्रो विश्वास छ ।'




प्रतिष्ठानका उपकुलपति एवं वरिष्ठ साहित्यकार काशीनाथ न्यौपानेले ठाडोभाकालाई समाजको जीवन्त इतिहासको रूपमा व्याख्या गरे । पुस १९ गतेसम्म चल्ने यस प्रशिक्षणमा प्रख्यात गायक बुद्धिमान दुरा (धम्पु) सँगै सिता दुरा, अक्कल बिरही गुरूङ र अनिता गुरूङले प्रशिक्षण दिने बताइएको छ ।

लमजुङका स्व. भेडिखर्के साइँलोले जोगाएको यो विरासतलाई बचाउन नगरपालिकाले राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान र दुरा सेवा समाजसँग सहकार्य गरेर समुदायमा आधारित संरक्षणका लागि पहल गरेको छ ।

## नयाँ शैलीमा मानव बेचबिखन : सीमानाका उच्च जोखिममा

रासस/कञ्चनपुर

भारतसँग जोडिएको खुला सीमा, प्रविधिको बढ्दो दुरूपयोग र आफन्तकै संलग्नताले यहाँ मानव बेचबिखन तथा ओसारपसारको जोखिमयुक्त क्षेत्र बन्दै गएको छ । मुख्य नाका गयाचौकीमात्र नभई वैकल्पिक तथा अवैध मार्गको प्रयोग बढ्दै जाँदा बेचबिखन नियन्त्रणमा चुनौती थपिएको छ ।

मानव बेचबिखनको स्वरूप समयक्रमसँगै बदलिँदै गएको र पछिल्लो समय वैदेशिक रोजगारीको प्रलोभन, नक्कली विवाह, पर्यटन तथा अनलाइनमार्फत हुने 'साइबर ट्राफिकिङ'का घटना बढ्दै गएको माइती नेपालका संयोजक महेश्वरी भट्टले बताउनुभयो ।

गरिबी, बेरोजगारी, सीपको कमी र सामाजिक सञ्जालको दुरूपयोगसँगै आफन्त र चिनजानकै व्यक्तिको संलग्नता बेचबिखनको मुख्य चुनौती बन्दै गएको छ । संयोजक भट्टका अनुसार खुला सीमा, प्रविधिमैत्री निगरानीको कमी, प्रमाण सङ्कलनमा कठिनाइ र



मुद्दा प्रक्रियामा ढिलाइ मानव बेचबिखन नियन्त्रणका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

"पीडित र परिवारकै मौनता तथा उजुरी गर्न डराउने प्रवृत्तिले मानव तस्करहरूको मनोबल बढेको छ", उहाँले भन्नुभयो, "पछिल्लो समय मानव तस्करहरूले बाइक र स्थानीय ट्याक्सीजस्ता निजी सवारीसाधन प्रयोग गरी वैकल्पिक मार्गबाट सीमा पार गराउने नयाँ शैली अपनाएका छन् ।"

उहाँका अनुसार बेचबिखनमा परेकालाई यौन शोषण, बालश्रम, जबर्जस्ती आपराधिक गतिविधि तथा अङ्ग प्रत्यारोपणसम्म प्रयोग गर्ने गरिएको पाइएको छ । जसमा अन्तर्राष्ट्रिय अपराध सञ्जालको समेत संलग्नता देखिने गरेको छ।

पछिल्लो एक वर्षको अवधिमा पश्चिमी सीमानाका गयाचौकी तथा आसपासका क्षेत्रबाट मानव बेचबिखनको जोखिममा परेका २०९ जना महिला तथा बालबालिकालाई सीमाबाटै उद्धार (रोकथाम) गरेको छ ।

संस्थाको वार्षिक कार्यप्रगति प्रतिवेदनअनुसार उद्धार गरिएकामध्ये ९० जना बालबालिका र ११९ जना महिला छन् । उद्धार गरिएका स्थानअनुसार गयाचौकी सीमानाकाबाट ८९ जना, महेन्द्रनगर बसपार्क तथा अन्य क्षेत्रबाट ६४, महाकाली चारलेन पुल क्षेत्रबाट

बाँकी तेश्रो पेजमा

## धारिलो हतियार प्रहार गरेको अभियोगमा दुई पक्राउ

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-१२ बस्ने २३ वर्षीय सुमन भुजेललाई धारिलो हतियार प्रहार गरी घाइते बनाएको अभियोगमा तनहुँ प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही ठाउँ बस्ने ४३ वर्षीय दिपक भन्ने देव बहादुर पाण्डे र ३० वर्षीय रन्जन पाण्डे रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

उनीहरूलाई बुधबार पक्राउ गरी ज्यान मार्ने उद्योगमा म्याद थप भई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरिक्षक श्रवणकुमार विकले जानकारी दिए ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा । सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६, ९८०६६१३३४०

## सम्पादकीय ............

www.bhanjyangnews.com

# पछाडी परेको समुदाय

शिक्षा र चेतनाको पहुँचबाट टाँढै रहेका चेपाङ समुदायमा कलिलै उमेरमा वैवाहिक बन्धनमा बाँधीने र उमेरै नपुगि बच्चा जन्माउने प्रवृत्ति अझैपनि यथावत छ । व्यास नगरपालिकाको तनहुँसुरस्थित राम्चे ओढारेका चेपाङ समुदायका महिलाहरू कलिलै उमेरमा विवाह बन्धनमा बाँधिने र सन्तान जन्माउने क्रम हट्न सकेको छैन । विवाह भनेको के हो भन्ने पनि थाहा नहुँदे अवस्थामै आमा बन्दै आएका चेपाङ समुदायमा शिक्षा र सचेतनाको खाँचो देखिएको छ । कलिलै उमेर विवाह अनि बच्चा जन्माउने भनेको महिलाहरूको स्वास्थ्यमा गम्भिर असर निम्त्याउनु हो । कलिलै उमेरमा विवाह गर्न नहुने र बच्चा जन्माउन नहुने जस्ता विषयमा सम्झाउने बुझाउने कोही नहुँदा परिवार नियोजनका स्थायी र अस्थायी साधानका बारेमा जानकार पनि देखिदैनन् । कलिलैमा आमा बन्दा र गर्भावस्थामा पोषणयुक्त खाना नपाउदा, आवश्यक स्वास्थ्य परीक्षण र खोपका बारेमा जानकार नहुँदा, नियमित स्वास्थ्य जाँच नगर्दा अहिले विभिन्न स्वास्थ्य समस्यबाट गुज्रिन परेको छ । आँधा उमेर पनि बाचेको छैन जस्तो लाग्छ तर शरिर जुन स्फुर्ति हुनुपर्ने हो त्यो पनि नभएको स्थानीय महिलाहरू बताउँछन् । भारी उचाल्न नसक्ने, धेरै काम गर्दा ढाँड दुख्ने शरिर लल्याङलुलुङ हुने जस्ता समस्याबाट गुज्रिएका यहाँका महिलाहरू घरमै सन्तान जन्माएकाले होला पछिल्लो समय पाठेघरमा पनि समस्य देखिएको दुखेसो पोख्छन् । यहाँका अधिकांश महिलाहरू १२ वर्षकै उमेरमा विवाह बन्धनमा बाँधिने र १५ वर्षकै उमेरमा सन्तान जन्माएको पाइन्छ । चेपाङ महिलाहरूमा गर्भावस्थाको समयमा पोषणयुक्त खानपान, नियमित स्वास्थ्य परीक्षण तथा सरसफाई सम्बन्धी सचेतनाको अभाव छ । नियमित स्वास्थ्य परीक्षण नगरिदा बच्चा र आमाको स्वास्थ्यमा समस्य देखिने गर्छ । पोषणयुक्त खाना पर्याप्त नहुँदा महिलाहरूको उमेरअवस्थामै बृद्ध र कमजोर देखिने गर्छन् ।

चेपाङ महिलाहरू जन्मान्तारको विषयमा पनि जानकार छैनन् । उनीहरू असुरक्षित रूपमा घरमै वर्षैपिच्छे बच्चा जन्माउने गर्छन् । महिलाको प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गर्न सरकारले सानै उमेरमा विवाह नगर्ने र उमेर नपुगी बच्चा नजन्माउन, सुत्केरी हुँदा दक्ष स्वास्थ्यकर्मी र प्राविधिकको सहयोग अनिवार्य व्यवस्था, किशोरी अवस्थादेखिनै यौन तथा प्रजनन् स्वास्थ्य र आफ्नो शरीरको बारेमा शिक्षाको व्यवस्था, गर्भवती महिलाले कम्तीमा चार पटक गर्भ जाँच सहज रूपले गर्न सक्ने वातावरण निर्माण, गर्भवतीदेखि सुत्केरी अवस्थासम्म महिलाले उपयुक्त खाना, स्याहार सुसार र माया ममता पाउने अधिकार, सुत्केरी व्यथा लाग्ना साथ नजिकको स्वास्थ्य केन्द्रमा लैजाने सक्ने पूर्वाधारको व्यवस्था, बच्चा कहिले र कति जन्माउने भन्ने कुराको निर्णय महिलाले गर्न पाउने हक, पाठेघर खसेमा महिलाको शल्यक्रिया सही तवरले गर्ने तथा नियमित अनुगमनको व्यवस्था लगायतका सुविधा प्रदान गरेको भएतापनि चेपाङ समुदायका महिलाहरू यस बारेमा जानकार छैनन् ।

उमेर नपुगी तथा धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैलाई जोखिम हुने गर्छ। वर्षैपिच्छे बच्चा जन्माउँदा बालबालिकाहरूको विकास असामान्य हुने तथा गर्भपतन हुने सम्भावना पनि बढी रहन्छ । बच्चाको स्तनपान र बिकास राम्रोसंग नहुँदै अर्को बच्चा गर्भमा आउँदा आमाले पनि पौष्टिक तत्व नपाउने र गर्भ र काख दुबै बच्चाको स्वास्थ्यमा प्रतिकुल असर पर्न जान्छ । आमा सुत्केरी अवस्थाबाट पार नहुँदै अर्को बच्चा जन्माउने तयारीमा लाग्दा महिलामा रक्त अल्पता, बच्चाको तौल कम हुने लगायतका स्वास्थ्य जटिलता देखा पर्दछ । समान्यता गर्भावस्थामा चार पटक स्वास्थ्य जाँच गर्ने गरिएको भएपनि हरेक वर्ष बच्चा जन्माउने महिलाहरूलाई विशेष स्वास्थ्य जाँचको आवश्यक पर्ने गर्दछ । तर, यी र यस्ता सेवासुविधा र जानकारबाट भने चेपाङ महिलाहरू धेरै टाँढा छन् । सरकार तथा सरोकारवाला निकायले यस पाटोमा समयमा ध्यान पुर्‍याई सचेतना जगाउनुपर्ने देखिन्छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# भर्चुअल लोकप्रियताले हामीलाई लोकतन्त्रतर्फ डोऱ्याउँदै छ वा भिडतन्त्रतर्फ ?

आज नेपाली समाज एउटा यस्तो जटिल दोबाटोमा उभिएको छ, जहाँ सत्य र भ्रमबिचको रेखा निकै धमिलो बन्दै गएको छ । राजनीतिक अस्थिरता, आर्थिक मन्दी र सामाजिक निराशाबिच राजनीति र सामाजिक सञ्जालका नाममा फैलाइने 'भ्रमको खेती' एउटा नयाँ उद्योगका रूपमा फस्टाएको छ । प्रत्येक घरमा राजनीतिको चर्चा त छ, तर त्यो नीति, सिद्धान्त वा देश विकासको योजनामा केन्द्रित नभई केवल फेसबुकका टिप्पणी र टिकटकका 'भाइरल' भिडियोमा सीमित हुन पुगेको छ । के देश केवल 'लाइक' र 'शेयर' का भरमा चल्न सक्छ ? यो आजको सबभन्दा पेचिलो प्रश्न हो ।

### डिजिटल तथ्याङ्क र उत्पादकत्वको संकट

नेपालमा सामाजिक सञ्जालको प्रयोग डरलाग्दो र अनुत्पादक बन्दै गएको छ । 'नेपोलियन क्याट' का अनुसार नेपालमा करिब १.६४ करोड फेसबुक खाताहरू छन्। इजरायलको साइबर खुफिया कम्पनी 'साइब्रा' को रिपोर्टले तीमध्ये करिब ३४ प्रतिशत नक्कली (फेक) खाता रहेको सामाजिक सञ्जालमै सुनिएका छन् ।

यस्तो अवस्थामा निर्वाचनको पूर्वसन्ध्यामा सामाजिक सञ्जालमा 'सक्कली' र 'नक्कली' छुट्ट्याउनै नसकिने सामग्रीको बाढी आउन थालेको छ । विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी बनाइएका 'डीपफेक' भिडियो र अडियोले मतदातामा गम्भीर भ्रम सिर्जना गरिरहेका छन् । भ्रामक सूचना, जसमा 'मिसइनफरमेसन', 'डिसइनफरमेसन' र 'मालइन्फरमेसन' को डढेलोले मतदाताको विवेकलाई मात्र बन्धक बनाएको छैन, बरू यसले निर्वाचनकै निष्पक्षता र समग्र लोकतन्त्रलाई समेत दुर्घटनामा पुऱ्याउने खतरा बढेको छ । तर, यसलाई समयमै नियमन गर्ने, गलत गर्नेलाई कार्यवाही गर्नेतर्फ सरकारले चासो देखाएको देखिँदैन।

### विधिभन्दा माथि भिड

लोकतन्त्र भनेको विधि, प्रक्रिया र कानुनको शासन हो । तर, नेपालमा बिस्तारै लोकतन्त्रलाई भिडतन्त्रले विस्थापित गर्दैछ । कुनै पनि घटनाको फैसला अदालत वा संवैधानिक निकायले भन्दा पहिले

उनीहरूसँग न कुनै स्पष्ट आर्थिक कार्यदिशा छ, न त देशको समृद्धिको ठोस खाका। उनीहरूको राजनीतिको मुख्य जग नै पुराना नेता र पार्टीलाई गाली गरेर जनताको आक्रोशलाई 'क्यास' गर्ने। र, अर्को नीतिगत बहस गर्नुको साटो सामाजिक सञ्जालमा उत्तेजक भिडियो बनाएर जनतालाई भ्रमित पार्ने । जब राजनीति 'नीति' बाट च्युत भएर 'कन्टेन्ट क्रिएसन' मा मात्र सीमित हुन्छ, तब त्यसले देशलाई निकास दिँदैन, बरू थप अन्योल र विभाजन मात्र पैदा गर्छ ।

### संकटमा पत्रकारिताको साख

राजनीतिसँगै समाजको ऐना मानिने पत्रकारिता क्षेत्र पनि उत्तिकै प्रदूषित बनेको छ । जनतालाई निष्पक्ष सूचना दिनु पर्ने पत्रकारहरू नै आज दलीय 'भजन मण्डली' मा परिणत भएका छन् । पत्रकारितालाई साइड जब र अवसरवादका रूपमा लिएको पाइन्छ । पत्रकारितालाई मुख्य धर्म मान्नुको साटो यसलाई शक्तिकेन्द्रमा पुग्ने भऱ्याङ बनाइएको छ ।



एआईबाट तयार गरिएको सांकेतिक तस्बिर

दाबी गरेको छ । नेपालमा १४ वर्षमुनिका करिब ८१ लाख बालबालिका छन्, जसले सम्भवतः फेसबुक प्रयोग गर्दैनन् । यसको अर्थ, बाँकी अधिकांश युवादेखि वृद्धवृद्धासम्म बिहानदेखि रातिसम्म कसैलाई 'देवत्वकरण' त कसैलाई 'दानवीकरण' गर्नमै व्यस्त देखिन्छन् । नेपालमा युवा बेरोजगारीको दर करिब २३ प्रतिशत रहेको छ ।

तर, विडम्बना! यिनै युवाहरूले सामाजिक सञ्जालमा स्ट्याटस लेख्न, टिप्पणी गर्न, आलोचना गर्न र गालीगलौज गर्नमै 'पूर्णकालीन रोजगारी' पाएझैँ देखिन्छ। यसबाट प्रस्ट हुन्छ कि हाम्रो डिजिटल सक्रियताको ठुलो हिस्सा उत्पादक काममा होइन, बरू नकारात्मक र भ्रमपूर्ण गतिविधिमा खर्च भइरहेको छ ।

### एआईको जोखिम र निर्वाचनमा संशय

आगामी निर्वाचन फागुन २१ गते हुने भनी समय तोकिएको छ तर निर्वाचनका मुख्य स्टेकहोल्डर राजनीतिक दलहरु र सरकारबिचको दुरी नजिक हुन सकेको देखिएको छैन । निजामती कर्मचारी र प्रहरीको मनोबल उठ्न सकेको छैन । नयाँ भनिएका र पुराना भनिएका दलहरूबिचको स्वस्थ प्रतिस्पर्धा भन्दा पनि एक आपसमा शत्रुतापूर्ण अभिव्यक्तिहरु सामाजिक सञ्जालका प्रयोगकर्ताले सुनाइदिन्छन् । कानुन र प्रमाणभन्दा पनि कसले कति चर्को स्वरमा गाली गर्न सक्छ र कसको पछाडि कति ठुलो 'डिजिटल भिड' छ भन्ने कुराले राज्यका संयन्त्रलाई समेत प्रभावित पारिरहेको छ । यो प्रवृत्तिले कानुनी राज्यको उपहास मात्र गरेको छैन, बरू न्यायका मूल्य-मान्यतालाई नै धराशायी बनाउँदै लगेको छ ।

### स्वतन्त्रको मुकुण्डो र राजनीतिक अवसरवाद

पछिल्लो स्थानीय निर्वाचनताका देशमा एउटा फरक लहर देखियो । 'स्वतन्त्र' अभियान। परम्परागत राजनीतिक दलहरूको कार्यशैलीबाट आजित भएका जनताका लागि यो एउटा ठुलो आशाको किरण थियो । तर, समयक्रमसँगै त्यो आशा निराशामा बदलिँदै गएको छ । हिजो 'स्वतन्त्र' भनिएकाहरु आज एक सय ४० भन्दा बढी स-साना दल र गुटमा विभाजित हुनुले उनीहरूको उद्देश्य देश निर्माण भन्दा पनि व्यक्तिगत महत्त्वाकाङ्क्ष थियो कि भन्ने प्रश्न उब्जाएको छ । अहिलेको नयाँ भनिएको राजनीतिको ठुलो हिस्सा ठोस एजेन्डामा भन्दा पनि 'भाइरल' हुने होडबाजीमा केन्द्रित देखिन्छ ।

वर्षौंसम्म एउटा दलको पक्षमा कलम चलाउने र समय अनुकूल देखेपछि त्यही दलबाट निर्वाचनको टिकट माग्न जाने प्रवृत्तिले पत्रकारिताको स्वतन्त्र अस्तित्वमाथि नै प्रश्न उठाएको छ । पत्रकारिता गर्ने व्यक्ति कुनै न कुनै राजनीतिक दलको 'अदृश्य कार्यकर्ता' जस्तो देखिनुले आम जनतामा सूचनाको विश्वसनीयता समाप्त हुँदै गएको छ ।

लोकतन्त्रको मजबुतीका लागि राजनीतिमा नयाँ सोच र पत्रकारितामा निष्पक्षता अनिवार्य सर्त हो । तर, विकल्पका रूपमा आएका शक्तिहरु गालीगलौजमा मात्र सीमित हुनु र सूचनाका संवाहकहरु दलीय स्वार्थमा अन्धो हुनुले देशलाई सही दिशा दिँदैन। अब जनताले 'नयाँ' भन्दैमा र 'स्वतन्त्र' भन्दैमा भाइरल हुनेहरूलाई मात्र पत्याउने भन्दा पनि उनीहरूको नीति, निष्ठा र भिजनलाई कसीमा राखेर हेर्नु जरूरी छ ।

### आर्थिक संकट र लोकप्रियतावादको बाटो

नेपाल राष्ट्र बैंक र सरकारी तथ्याङ्कहरूले देशको अर्थतन्त्र अत्यन्तै संवेदनशील अवस्थामा रहेको देखाउँछन्। वर्तमानमा केही समूहले निहित स्वार्थका

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

**वृष**
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ।

**मिथुन**
आफ्ना काममा अरूको मुख ताक्ने बानीले पछि परिनेछ। दगो काम सुरू गर्ने समय छ ।

**कर्कट**
आत्मविश्वासको कमीले पछि परिनेछ। नोक्कासानीका साथै विवादमा फसिने डरले सताउनेछ ।

**सिंह**
बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

**कन्य**
टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। खानपानको आनन्द प्राप्त हुनेछ ।

**तुला**
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**वृश्चिक**
बिहानको समय लाभदायक रहनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**धनु**
प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् । आयस्रोत पनि बढ्नेछ । सहयोगीहरूले काममा साथ दिनेछन् ।

**मकर**
पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । आयस्रोत बढ्नेछ ।

**कुम्भ**
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। मिहिनेतले उपलब्धिको स्रोत प्राप्त हुनेछ। नाम र दाम बढ्नेछ ।

**मीन**
पेसा-व्यवसायमा सम्भावना खोजी गर्ने समय छ। दिगो योजना बन्नेछ र नयाँ कार्य थालनी हुनेछ ।

# 'ग्रामीण पर्यटन भ्रमण ............

भिडियो, रील, भ्लगमार्फत कथा–आधारित प्रचार, स्थानीय युवालाई डिजिटल कन्टेन्ट क्रियटर बनाउने, साझा ह्यासट्याग जस्ता कार्यक्रमलाई जोड्न सकेमा डिजिटल प्रचारले बाहिरका मानिस मात्र होइन, स्थानीयमा पनि गर्व जगाउने हुँदा गाउँपालिको यस तर्फ पनि योजना बनाउनुपर्ने देखिन्छ । सन् २०२६ को ग्रामीण पर्यटन भ्रमण वर्ष बन्दीपुरका लागि अवसर मात्र होइन, परीक्षाका रूपमा पनि रहेको छ ।

**अेपक्षा गरिएभन्दा बढी पर्यटक**

त्यस्तै, बन्दीपुरमा सन् २०२५ मा अपेक्षा गरेभन्दा दोब्बर पर्यटकले भ्रमण गरेका छन् । आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाउन सन् २०२५ लाई भ्रमण वर्षका रूपमा मनाउने घोषणा गरेको बन्दीपुरमा छ लाख ३४ हजार पर्यटक पुगेको संयोजक बैंसबहादुर गुरूङले बताए। बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक गुरूङका अनुसार यस अवधिमा एक लाख विदेशीसमेत गरी चार लाख ५३ हजार पर्यटक बन्दीपुरमा बास बसेका थिए । उनले बन्दीपुरमा वजभोज खान आउने, घुमेर फर्किने पर्यटकको संख्या करिब दुई लाखभन्दा केही कम रहेको जानकारी दिए ।

बन्दीपुरमा सन् २०२५ र २०२६ मा गरी पाँच लाख पर्यटक बन्दीपुर भित्र्याउने योजना रहेकामा सन् २०२५ मा नै पूरा भएका स्थानीय होटल तथा पर्यटन व्यावसायी खुसी भएका छन् । 'दुई वर्षमा पाँच लाख ल्याउने भनेर सोचेका थियौं, तर एक वर्षमा नै लक्ष्य पूरा भयो', भ्रमण वर्ष संयोजक गुरूङले भने, 'काठमाडौंबाट पोखरा, पोखराबाट चितवन वा काठमाडौं र चितवनबाट पोखरा जाँदा, आउँदा एकपटक बन्दीपुर बसौं भन्ने भावना बढेको पायौं ।' आँबुखैरेनी–पोखरा सडक विस्तारको काम लगभग सकिने चरणमा पुग्दा पर्यटकलाई बन्दीपुर आउन पनि सहज भएको व्यवसायीको भनाइ छ। भ्रमण वर्षमा बन्दीपुरको प्रचारप्रसारको काम पनि राम्रो भएकाले पर्यटक बन्दीपुर आएको विश्वास उनीहरूको छ ।

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बन्दीपुर भ्रमण वर्षको प्रवर्द्धन तथा अन्य सहयोगमा पालिकाले सक्दो सहयोग गरेको बताए । बन्दीपुरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चिनाउनका लागि भ्रमण वर्ष निकै सार्थक र फलदायी भएको थापाको भनाइ छ ।

उनले बन्दीपुरको प्राकृतिक सुन्दरता र यहाँको मौलिक कला संस्कृति हेर्न पर्यटकहरू पटकपटक आउने गरेको आफूले पाएको बताए। सामान्य खर्च गर्नसक्नेदेखि महँगो रकम तिर्नसक्ने दुवै पर्यटकका लागि बन्दीपुर उपर्युक्त गन्तव्य भएको अध्यक्ष थापाको भनाइ छ । स्थानीय टुँडिखेल, सहिद पार्क, सिद्ध गुफा, थानीमाई, खड्गमाई र विद्यवासिनी मन्दिर, मणि मुकुन्देश्वरी पदमार्ग, मिनी ग्रेटवाल, रानीवन, तीनधारा वनभोज स्थल, गुम्बा, रामकोट, कोरीखा, धरमपानी होमस्टे, राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, रेशमखेती, मौरीपालन र च्याउ उत्पादन केन्द्र बन्दीपुरका प्रमुख आकर्षण हुन् ।

नेवार, मगर, गुरूङलगायत जातजातिका सांस्कृतिक वेषभूषा र परम्परागत रीतिरिवाज पनि पर्यटकका लागि थप आकर्षण बनेका छन् । हिमालको लहर एकै फ्रेममा देखिने भएकाले स्वदेशी तथा विदेशी पर्यटक बन्दीपुरमा रमाउने गरेका छन् । यहाँका होटल व्यवसाय तीव्र गतिमा विस्तार भइरहेको छ । होटल संघमा आबद्ध ८० भन्दाबढी होटल तथा एक दर्जन घरबास सेवा सञ्चालनमा छन् । साथै, अत्याधुनिक सेवा सुविधासहितको पाँचतारे होटल पनि सञ्चालनको अन्तिम चरणमा पुगेको छ ।

डुम्रे बजारबाट करिब आठ किलोमिटर यात्रा गरेपछि पुगिने बन्दीपुर बजारमा हाल केबलकारबाट पनि पुग्न सकिने व्यवस्था छ । ठूलढुङ्गाबाट बरालथोकसम्म सञ्चालनमा आएको केबलकार सेवाले सात मिनेटमै पर्यटकलाई बन्दीपुर पुऱ्याउने हुँदा आवागमन थप सहज भएको छ ।

**पदमार्गको विकास**

बसाइ पनि लम्ब्याउनु पर्ने आवश्यक रहेको बताउँदै अध्यक्ष थापाले भने, 'अहिले बन्दीपुरमा आन्तरिक पर्यटकको बसाई वान नाइट स्टे मात्रै रहेको छ । त्यसलाई तीन दिन पुऱ्याउने लक्ष्य सहित सन् २०२६ लाई ग्रामीण पर्यटन भ्रमण वर्षका रूपमा मनाउने गरी कार्यक्रम ल्याउने तयारी गरिएको उनले बताए ।

पर्यटकको बसाइ लम्ब्याउनका लागि पर्यटकीय स्थल र पदमार्गको विकास गरिएको छ । बिमलनगर–सिद्धगुफा–गुम्बा–बन्दीपुर, मुग्लिङ–लाब्दि–छिम्केश्वरी–हिलेखर्क–धारगाउँ–बन्दीपुर, बन्दीपुर–रामकोट–रूम्सी–सेरेटार–बन्दीपुर पदमार्ग विकास गर्दै लगिएको छ । यी सबै पदमार्ग एक दिनको हो । छिम्केश्वरी–मनकामना, गोरखा दरबार–लिपकोट–भानुजन्मस्थान–बन्दीपुर पदमार्गको पनि विकास गरिएको छ । यो पदमार्ग दुई दिनको हो । 'आसपासमा पालिकाहरूको पर्यटकीय गन्तव्य र पदमार्गको विकास गरेर पर्यटकको बसाइ लम्ब्याउने हाम्रो रणनीति छ', अध्यक्ष थापाले भने।

**बन्दीपुर नै भ्रमण किन ?**

सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरूङ भन्छन्, 'यो जीवन्त प्राचिन सहर हो । होमस्टेको सर्किटको अनुभव हुन्छ । मनोरम दृश्य, उमेर अनुसारको प्याकेज, प्रकृति र संस्कृतिको खोज अनुसन्धान गर्न, पदमार्गको अनुभव गर्न, भानुभक्तको जन्मस्थल, धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा सहभागी हुन र रैथाने खानको स्वाद चाख्नलाई पनि एक पटक बन्दीपुर पुग्नै पर्छ ।'

अध्यक्ष गुरूङका अनुसार बन्दीपुर तनहुँ जिल्लाको पुरानो सदरमुकाम पनि हो । विसं २०२५ सालमा सदरमुकाम दमौली सारिए पनि सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरमताले बन्दीपुर प्रसिद्ध छ । बन्दीपुर दमौलीबाट १८ किलोमिटर माथि पर्छ । दमौलीबाट डुम्रे हुँदै आठ किलोमिटर उकालो यात्रा गरेपछि बन्दीपुर पुगिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमशृंखला देखिन्छ ।

बन्दीपुरमा आन्तरिक पर्यटकसँगै विदेशी पर्यटकको पनि रोजाइमा पर्छ। बन्दीपुरमा अमेरिका, अष्ट्रेलिया, जापान, इटाली, थाइल्याण्ड, चिन, भारत लगायत देशबाट पर्यटक आउने गरेका छन् । हालसम्म आएका पर्यटकहरु पर्याप्त नभएकाले विश्वभर प्रचार गरे पर्यटकको संख्या बढाउने तयारी रहेको उनले जानकारी दिए । 'बन्दीपुरलाई नेपालमा मात्रै नभएर विश्वमै यसलाई चिनाउन सकिन्छ भन्ने सोचसहित हामी अगाडी बढेका छौं । बन्दीपुरलाई पर्यटन हिसाबले विश्वभर स्थापित गराउन लागेका छौं । यससँगै हामीले पर्यटकको रूची अनुसार प्याकेज बढाइरहेका छौं', उनले भने ।

वि.सं २०६८ सालबाट बन्दीपुरमा सामुदायिक होमस्टेहरूको प्रचलन आएको पाइन्छ । हाल सञ्चालनमा रहेका होमस्टेमा रैथाने उत्पादनको ब्राण्डिङ गराउन लगाइने जानकारी दिँदै उनले अगाडी भने, 'एक होमस्टेमा एक उत्पादनको नामबाट ब्राण्डिङ गरिनेछ । मानौं १२ वटा होमस्टे छ भने उनीहरूलाई एक/एक वटा ब्राण्डिङ गर्न दिइनेछ ।'

पर्यटकको सांग्रिलाकारूपमा बन्दीपुरलाई स्थापित गर्ने कार्य अगाडी बढाइएको समेत उनले जानकारी दिए । बन्दीपुरमा मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाहरु छन् । तिनीहरूको लेखाजोखा राम्रोसँग हुन सकेको छैन । अद्यावधि, अभिलेखीकरण हुन सकेको छैन । तसर्थ सांस्कृतिक सम्पदाहरूको अभिलेखीकरण गर्ने, खोज अध्ययन, अनुसन्धान गर्ने र यसलाई अझ व्यवसाय बनाउन जुटेका छौं', अध्यक्ष गुरूङले भने।

# भर्चुअल लोकप्रियताले ......

लागि 'बैंक तथा सहकारीको ऋण मिनाहा हुन्छ' भन्ने आत्मघाती भ्रम फैलाइरहेका छन् ।

**आर्थिक वर्ष २०८१/८२ को प्रक्षेपण अनुसारः** कुल खर्च रू. १५२३.११ अर्ब कुल राजस्व संकलन रू. ११७८.८८ अर्ब कुल सार्वजनिक ऋण रू. २६६९.६५ अर्ब पुगेको छ । जब देशको आन्तरिक राजस्वले साधारण खर्च समेत धान्न मुस्किल परिरहेको छ र वैदेशिक तथा आन्तरिक ऋणको भार बढ्दो छ । यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोग गरी ऋण मिनाहाको कुरा गर्नु अव्यवहारिक मात्र होइन, आर्थिक रूपमा आत्मघाती कदम पनि हो । आर्थिक अज्ञानताको पराकाष्ठा हो । बैंकको पैसा सर्वसाधारण निक्षेपकर्ताहरूको पसिनाको कमाइ हो । ऋण लिएपछि तिर्नु पर्दैन भन्ने संस्कृतिले अन्ततः बैकिङ प्रणाली र देशको अर्थतन्त्रको मेरूदण्ड नै भाँच्नेछ ।

त्यस्तै, सामाजिक सञ्जालमार्फत उद्योगी र व्यापारीलाई 'चोर' र 'नाफाखोर' को बिल्ला भिराएर हतोत्साहित गर्ने काम भइरहेको छ । हालैको 'जेनजी विद्रोह' का क्रममा ७७ जनाले ज्यान गुमाउनुका राज्यको खर्ब भन्दा बढी नोक्सानी भयो । साथै निजी क्षेत्र निशाना बन्यो । उनीहरूले अर्बौ रूपैयाँ बराबरको भौतिक नोक्सानी व्यहोर्नुपरेको छ।

यसले गर्दा झण्डै तीन हजारले प्रत्यक्ष रोजगारी गुमाएका छन्, जसले राज्यलाई कर तिर्छ र रोजगारी दिन्छ, उसैलाई अपराधी करार गरिएपछि देश समृद्धिको बाटोमा जान सक्दैन । अहिले देशमा अराजकताको भुमरीमा फसेको छ । लगानीकर्ताहरु असुरक्षित महसुस गरी रहेका छन् । रोजगारी सिर्जना गर्ने लगानीकर्ता कसरी आउँछन् ? कसरी रोजगारीको बाटो खुल्छ ? यो अनुत्तरित प्रश्न छ ।

**अब कहिले सोच्ने?**

भर्चुअल लोकप्रियता र वास्तविकताको खाडल आजको मुख्य चुनौती हो । नेताहरु जनताका आधारभूत आवश्यकता भन्दा पनि सामाजिक सञ्जालमा 'भाइरल' हुने एजेन्डामा केन्द्रित देखिन्छन् । स्वदेशबाट मात्र होइन विदेशबाट समेत नेपाललाई असफल राष्ट्र बनाउने गरी सामाजिक सञ्जालमार्फत गलत सूचना प्रवाह भई रहेको कुरा सार्वजनिक भई रहेका छन् ।

सरकारले सामाजिक सञ्जालमा भई रहेका अनियन्त्रित 'मिसइनफरमेसन', 'डिसइनफमेसन' र माल 'इन्फरमेसन' लाई समयमै पहिचान गरी नियमन नगर्ने हो भने निर्वाचनको वातावरण समेत बिथोलिन सक्छ। भाषणमा सुनिएको 'सुशासन' व्यवहारमा भ्रष्टाचार र ढिलासुस्तीको ओत लागेको छ । 'चर्को भाषणले भोको पेट भरिँदैन' नेपाली समाजले अब 'भीडको पछि लाग्ने' भन्दा पनि 'विवेकको प्रयोग गर्ने' बेला आएको छ ।

सामाजिक सञ्जालमा 'लाईक', 'भ्युज' बढाउनकै लागि अरूलाई चर्को स्वरमा गाली गरेर होइन । हामीले नेताहरूसँग क्षणिक भावनामा बहकिएर होइन, ठोस आर्थिक कार्यदिशा र देश निर्माणको खाका माग्नुपर्छ । यदि हामी आजैदेखि सत्य र तथ्यको धरातलमा उभिएर प्रश्न गर्दैनौं भने आगामी दशकौंसम्म पनि यही आभासी भ्रमकै चक्रव्यूहमा फसिरहने निश्चित छ। रातोपाटीबाट

# नयाँ शैलीमा मानव .........

३१ जना र झोलुङ्गे पुल क्षेत्रबाट २९ जना रहेका छन् ।

उद्धार गरिएकामध्ये १८२ जना सुदूरपश्चिम प्रदेशकै नागरिक छन्। जिल्लागत रूपमा कञ्चनपुरका एक सय, कैलालीका ३२, बैतडीका १४, बझाङका १० र डोटीका आठ जना छन् । पछिल्लो तीन वर्षमा भारतका विभिन्न सहरबाट ४९ जना महिला तथा बालबालिकाको सकुशल उद्धार गरिएको छ । सन् २०२३ मा २५, सन् २०२४ मा १४ र सन् २०२५ मा १० जनाको उद्धार भएको माइती नेपालले जनाएको छ । पछिल्लो एक वर्षमा मात्रै बिहार, चण्डिगढ, मुम्बई, दिल्ली, हैदरावादलगायत सहरबाट आठ बालिका र दुई महिलाको उद्धार गरिएको हो । यसै अवधिमा माइती नेपालमा १८९ वटा खोजतलासका निवेदन दर्ता भएका छन् । तीमध्ये ८१ जनालाई फेला पारेर परिवारको जिम्मा लगाइएको छ । खोजतलासका लागि निवेदन परेकामध्ये सुदूरपश्चिम प्रदेशकै नागरिकको संख्या १६३ रहेको छ।

मानव बेचबिखन नियन्त्रणका लागि सीमाक्षेत्रमा १२ हजार ८५८ सवारीसाधन जाँच गरेको छ । यस क्रममा ४४ हजार ५८१ जनालाई सुरक्षित बसाइँसराइ तथा मानव बेचबिखनविरूद्ध परामर्श दिइएको छ । साथै २२७ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छभने २१७ जनाको पारिवारिक पुनर्मिलन गराइएको छ। ३३ जनालाई सीमाबाटै परामर्श दिएर घर फर्काइएको छ ।

समुदायस्तरमा घरदैलो कार्यक्रम, विद्यालयमा सचेतनामूलक गतिविधि र यातायातकर्मीहरूसँग विशेष अन्तरक्रिया कार्यक्रम सञ्चालन भइरहेको माइती नेपालका संयोजक भट्टले बताउनुभयो । प्रहरी प्रशासनसँगको समन्वयमा जबर्जस्ती करणीसम्बन्धी चारवटा र मानव बेचबिखनसम्बन्धी एकवटा मुद्दा दर्ता भई कानुनी प्रक्रियामा रहेका छन् ।

खुला सीमा र बदलिँदो प्रविधिसँगै मानव बेचबिखनको जोखिम बढिरहेकाले सीमास्तरको निगरानी, समुदाय सचेतना र बहुपक्षीय सहकार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको संयोजक भट्टको भनाइ छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

पुस १९ गते शनिबार

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तैः- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



**अलपत्र आधारस्तम्भ :** तनहुँको व्यास नगरपालिका-३ व्यास गुफा परिसरमा निर्माण गर्न लागिएको १०८ फिटको व्यासको मूर्ति राख्ने आधार स्तम्भ । बजेट अभावमा आधारस्तम्भ निर्माणको काम अलपत्र परेको छ । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# एआईमा आधारित शिक्षण विधिको अभ्यास

**लीलाराज भट्टराई**/काठमाडौं

आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले हरेक क्षेत्रमा आमूल परिवर्तन ल्याउँदैछ । एआईले केही वर्षभित्रै शिक्षा क्षेत्रमासमेत युगान्तकारी परिवर्तन ल्याउने निश्चित छ । आजको युगमा हामी एउटा यस्तो मोडमा उभिएका छौं, जहाँ प्रविधिले हाम्रा हरेक बानी परिवर्तन गरिसकेको छ, तर हाम्रो शिक्षा प्रणाली अझै पनि पुरातन ढाँचामै अल्झिएको छ। एउटै कोठामा ३०-४० जनाभन्दा बढी विद्यार्थी, एउटै पाठ्यपुस्तक र एउटै गतिमा पढाउने शिक्षक रहने ढाँचा अब असान्दर्भिक भइसकेको छ ।

यसैबीच, अमेरिकाको टेक्सासस्थित अल्फा स्कुलले एउटा यस्तो उदाहरण प्रस्तुत गरेको छ, जसले शिक्षण सिकाइ प्रक्रियाको परिभाषा नै बदलिदिएको छ । अल्फा स्कुल सम्भवतः विश्वकै पहिलो यस्तो विद्यालय हो, जहाँ शिक्षक छैनन् । सो स्कुलको कक्षा कोठामा छिर्दा तपाईंले कुनै शिक्षकले बोर्डमा लेखेर पढाइरहेको देख्नुहुने छैन । बरू, विद्यार्थीहरु हेडफोन लगाएर एआई ट्युटरसँग संवाद गरिरहेका देखिन्छन् । यस स्कुलको सबैभन्दा ठूलो विशेषता भनेको दिनमा दुई घण्टा मात्र पढाइ हुनु हो । सुन्दा पत्याउन गाह्रो लाग्छ तर त्यहाँका विद्यार्थीले दिनको मात्र दुई घण्टा पढेर बाँकी समय अन्य सिर्जनशील जीवनोपयोगी काममा बिताउँछन्। नतिजा भने अन्य परम्परागत विद्यालयको तुलनामा १० गुणा राम्रो र राष्ट्रियस्तरको शीर्ष एक/दुई प्रतिशतमा रहने गरेको छ ।

परम्परागत विद्यालयमा एउटा कक्षाको पूरा पाठ्यक्रम सक्न एक वर्ष लाग्छ । तर अल्फा स्कुलमा विद्यार्थीले मात्र २२ देखि ३० घण्टाको अध्ययनमा एउटा सिङ्गो कक्षाको पाठ्यक्रम पूरा गर्छन् । यो कसरी सम्भव छ भन्ने कुरा निम्न तथ्यहरूबाट प्रष्ट हुन्छ ।

**निजीकृत पाठ्यक्रम :** त्यहाँ एउटै कक्षाका सबै विद्यार्थीका लागि एउटै पाठ्यक्रम र पाठ्यपुस्तक हुँदैन। एआईले प्रत्येक विद्यार्थीको क्षमता, कमजोरी र रूचिको विश्लेषण गर्छ र सोही अनुसारको फरक-फरक पाठ्य सामग्री विकास गर्छ । यदि कुनै विद्यार्थीलाई फुटबल मन पर्छ भने एआईले गणितका समस्या फुटबलकै तथ्याङ्क प्रयोग गरेर सिकाउँछ। यसले सिकाइलाई 'बोझ' होइन, 'मनोरञ्जन' बनाउँछ ।

**नब्बे प्रतिशतको मापदण्डः** कुनै पनि विद्यार्थीले एउटा पाठको कम्तीमा ९० प्रतिशत नबुझी अर्को पाठमा जानै पाउँदैन । परम्परागत विद्यालयमा कुन विद्यार्थीले कति बुझेका छन् भन्ने मापन गरिँदैन । तर अल्फामा औसत विद्यार्थीले पनि कम्तीमा ९० प्रतिशत पाठ नबुझी अर्को पाठमा जानै मिल्दैन। यसले गर्दा औसत विद्यार्थी पनि उत्कृष्ठ बन्छन् ।

**तत्काल प्रतिक्रियाः** गल्ती हुने वित्तिकै एआईले तुरून्त सच्याउँछ। शिक्षकले हप्ता दिनपछि कापी जाँचेर गल्ती औँल्याउने समयसम्म विद्यार्थीले त्यो विषय बिर्सिसकेको हुन्छ । तर अल्फामा एआईको तत्काल प्रतिक्रियाले सिकाइको गति १० गुणा बढाउने गरेको छ ।

**घोकाउने होइन, बुझाउनेः** हाम्रा विद्यालयमा विद्यार्थीलाई घोकाउने चलन छ । यतिसम्मकी विद्यालयमा शिक्षकले घोकाएको भन्दा तलमाथि गर्न समेत विद्यार्थी मान्दैनन् । घोकेको कुरा चाँडै बिर्सने हुन्छ, तर अल्फामा घोकाउने हुने बुझाउने गरिन्छ । त्यसका लागि निश्चित समयमा एउटै विषय दोहो¥याइन्छ ।

**बिदाभन्दा प्यारो विद्यालय :** अल्फा स्कूलको अर्को सफलता भनेको विद्यार्थीको मनोविज्ञानमा ल्याएको परिवर्तन हो । त्यहाँका विद्यार्थीलाई आज घरै बस, स्कुल नजाउ भन्दा उनीहरु मान्दैनन् किनभने उनीहरूका लागि स्कुल रमाउने ठाउँ हो । खोजको केन्द्र हो । स्वभाविक रूपमा प्रश्न उठछ दुई घण्टा एआईसँग पढ्छन् । त्यसबाहेकको समय चाहीँ के गर्छन त ? एआई स्कुलमा त्यसबाहेकको समय विद्यार्थीले जीवन सिक्छन्। आफनो रूची र क्षमता अनुसारको जीवनोपयोगी सीप सिकिरहेका हुन्छन् । उनीहरू फुटबल, भलिबल, पौडी खेल्छन् । साना कक्षामा विद्यार्थी साइकल चलाउन सिक्छन्। कोडिङ सिकिरहेका देखिन्छन् । उनीहरूले दुई घण्टा बाहेकका समयमा उद्यमशीलता र पैसाको व्यवस्थापनका बारेमा सिक्छन् । उनीहरूलाई तीन कक्षादेखि नै वित्तीय साक्षरता र पाँच कक्षामा पुग्दा व्यवसाय कसरी चलाउने भन्ने ज्ञान सिकाइन्छ । त्यस्तै सानैदेखि सार्वजनिक भाषणकलामा जोड दिइएको हुन्छ। २ कक्षादेखि नै निर्धक्क बोल्ने कला सिकिरहेका देखिन्छन् । ५ कक्षा उत्तीर्ण विद्यार्थीलाई टिमवर्कको महत्वका बारेमा सिकाइन्छ । विभिन्न ब्यवसायलाई कसरी उच्चतम् स्तरसम्म पु¥याउन सकिन्छ भन्ने ज्ञान उनीहरूले पाइसकेका हुन्छन्। स्कुल तह पार गर्दा प्रत्येक विद्यार्थीसँग आफ्नो जीवनको लक्ष्य र त्यहाँ पुग्ने स्पष्ट मार्गचित्र बोकेर जीवनको नयाँ उडान भर्न तयार भएर निस्कने गर्दछन् ।

**नेपालको शिक्षा प्रणालीमा सुधारका लागि सुझावहरु**

नेपालको सन्दर्भमा हामीले तुरून्तै अल्फा स्कुलकै जस्तो महँगो भौतिक पूर्वाधार बनाउन नसके पनि यसले सिकाएको पाठलाई आत्मसाथ गरेर शिक्षामा परिवर्तनको सुरूआत गर्न सक्छौं। ढिलो, चाँडो हामीले शिक्षामा एआई प्रयोग नगरी सुखै छैन । एआई साक्षर बनाउन सानै कक्षादेखि एआई पढाउन ढिलो गर्नुहुँदैन । अबको शिक्षा 'के सोच्ने' भन्नेमा होइन, 'कसरी सोच्ने' भन्नेमा केन्द्रित हुनुपर्छ । एआई त्यसको सबैभन्दा शक्तिशाली हतियार हो । नेपालले अब ढिलो नगरी यो हतियारको सही सदुपयोग गर्नुपर्छ। हाम्रो शिक्षा प्रणालीमा परिवर्तन ल्याउन निम्न कुरामा जोड दिनुपर्ने देखिन्छ ।

**शिक्षकको भूमिकामा परिवर्तनः** शिक्षकको भूमिका परिवर्तन गरी 'मेन्टर' वा 'गाइड' मा बदल्नुपर्छ । पाठ्यपुस्तकको ज्ञान दिन एआई र प्रविधिको प्रयोग गर्ने र शिक्षकले विद्यार्थीको अनुशासन, चरित्र निर्माण र प्रेरणामा ध्यान दिने वातावरण बनाउनुपर्छ।

**'वान साइज फिट्स अल' पाठ्यक्रमको अन्त्य :** नेपालको पाठ्यक्रम अत्यन्तै केन्द्रिकृत र बोझिलो छ । हामीले एआई आधारित सफ्टवेयर प्रयोग गरेर विद्यार्थीको रूचि अनुसारको सिकाइ सुरू गर्नुपर्छ । जुम्लाको विद्यार्थी र काठमाडौंको विद्यार्थीको परिवेश फरक छ । त्यसैले उनीहरूको उदाहरण र सिकाइको शैली पनि फरक हुनुपर्छ ।

**सीपमा आधारित शिक्ष :** हाम्रो शिक्षा प्रणालीले प्रमाणपत्रधारी तर बेरोजगार जनशक्ति उत्पादन गरिरहेको छ । एआईमा आधारित अल्फा स्कुलबाट सिकेर हामीले कम्तीमा ५० प्रतिशत सीप सिकाउनुपर्छ । एआई, कृषिको आधुनिक प्रविधि, वित्तीय साक्षरता र कोडिङ जस्ता विषयलाई विद्यालय तहदेखि नै अनिवार्य गर्नुपर्छ ।

**'डिजिटल डिभाइड' कम गर्न एआई ट्याब्लेट :** नेपालका दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षक पुग्न गाह्रो छ । तर यदि हामीले 'अफलाइन एआई ट्युटर' भएका ट्याब्लेट वितरण गर्न सक्यौं भने हुम्लाको एउटा बच्चाले पनि काठमाडौंको भन्दा उत्कृष्ट शिक्षा पाउन सक्छ । यसले शिक्षामा रहेको असमानता हटाउनेछ ।

**मूल्याङ्कन पद्धतिको पुनरावलोकन :** वर्षको अन्त्यमा लिइने तीन घण्टाको परीक्षाले विद्यार्थीको वास्तविक क्षमता मापन गर्दैन । हामीले 'कन्टिन्युअस एसेसमेन्ट' र एआई आधारित ट्याकिङ सुरू गर्नुपर्छ, जहाँ विद्यार्थीले कति घण्टा र कति दिन स्कुलमा बितायो भन्दा पनि कति ज्ञान हासिल ग¥यो भन्ने कुराले महत्व पाउनुपर्छ ।

**चुनौती र भविष्य**

एआई स्कुलको अवधारणा सुन्दा जति आकर्षक छ, यसका चुनौती पनि त्यति नै छन् । स्क्रिन टाइमको व्यवस्थापन, मानवीय संवेदनाको कमी हुन नदिने र प्रविधिमा सबैको पहुँच पु¥याउनु ठूलो चुनौती हो । तर, परम्परागत शिक्षा प्रणाली असफल जस्तै भइसकेको अवस्थामा यो जोखिम लिनुको विकल्प छैन । अल्फा स्कुलले प्रमाणित गरिदिएको छ कि शिक्षाको उद्देश्य 'धेरै पढाउनु' होइन, 'राम्रोसँग सिकाउनु' हो । एआईले शिक्षाको पहुँचलाई लोकतान्त्रिक बनाउँदैछ । नेपालले समयमै यो प्रविधिलाई अङ्गीकार गर्न सक्यो भने हाम्रा बालबालिका विश्व बजारमा कसैभन्दा कम हुने छैनन् । रासस

---

facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

यो देश निमुखा, सीमान्त र उत्पीडितहरूको हो ! यो देश दैनिक हातमुख जोर्न भारी बोक्ने र विदेशमा पसिना बगाउनेहरूको हो ! यो देश यहीँ बसेर नङ्ग्रा खियाउने र माटोमा सुन फलाउनेको हो ! बाटोको डिलमा मकै बेच्नेदेखि उद्योगव्यवसाय गरेर देशको रोजगारी र अर्थतन्त्र चलायमान बनाउनेहरूको हो ! यो देश र लोकतन्त्र सबैको हो! कलाकार, पत्रकार, उद्यमी, शिक्षकदेखि कृषकसम्म सबैको देश बनाउने सपना हुन सक्छ, हुन्छ । सफल व्यवसाय गरेर धन कमाउनेबित्तिकै या कला प्रस्तुत गरेर समाज हसाउनेबित्तिकै ऊ आजीवन राजनीतिका लागि अयोग्य हुने भन्ने हुँदैन । मात्रा फरक होला तर हरेक सचेत नागरिकसँग विचार हुन्छ, प्रज्ञा हुन्छ, विवेक हुन्छ र सपना हुन्छ !

यदि देशलाई प्रगतिको पथमा, समृद्धिको पथमा लैजाने हो भने आफ्नो क्षेत्रमा सफल भएका र विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरु राजनीतिमा आउनु जरूरी छ । स्किल र विज्ञताको संयोजन जरूरी छ ।

यदि व्यवसायी चन्द्र ढकालका छोरा राजनीतिमा आउन चाहन्छन् भने त्यो स्वागतयोग्य कुरा हो । उद्यमव्यवसायको छवि बाधक होइन, सहायक बन्न पर्छ। एउटा सफल र ठूलो व्यवसायीसँग उद्यमव्यवसायका सीमा, चुनौती, नीतिगत व्यवधान र वैदेशिक लगानीका अवरोध या क्षेत्रबारे जति ज्ञान हुन्छ त्यो अरूलाई नहुन सक्छ। विनोद चौधरीदेखि मिनबहादुर गुरूङ् र चन्द्र ढकालहरूले देशलाई हामीले भन्दा बढी दिएका छन् । हामी युवा फर्काउने भाषण त गर्न सक्छौं तर तिनले हजारौं युवालाई विदेश जानबाट रोकिरहेछन् । सरकारले दिने भनेको १०% जति रोजगारी हो । ९०% योगदान निजी क्षेत्रको हुन्छ । तिनलाई शत्रुका रूपमा हेरेर या प्रस्तुत गरेर देश सम्पन्न हुँदैन !

हाम्रो आममानसिकता के छ भने उद्यमी भन्नेबित्तिकै ठग र फटाहा हुन्छन्। धनी जति सबै सामन्त हुन्छन् । यस्तो नकारात्मक भाष्य फेरिनु जरूरी छ। ठग र फटाहा एउटा प्रवृत्ति हो । एकदम गरिब पनि ठग हुन सक्छ, शिक्षक पनि फटाहा हुन सक्छ । एउटा व्यवसायी इमानदार हुन पनि सक्छ ।

तर तुलनात्मक रूपमा अर्थतन्त्रको ठूलो हिस्सा ओगट्ने व्यवसायी नै नीतिनिर्माता बन्दा स्वार्थको द्वन्द्व हुन सक्ने सम्भावना पनि रहन्छ ! आर्थिक रूपले राजनीतिक कोर्स र अवसर नै बदल्न सक्ने हैसियत तिनसँग हुन्छ। तर यस्तो सम्भावनाकै भरमा कसैलाई निषेध गर्न भने मिल्दैन !

अहिले यो विषय यति विवादित बन्नुमा दुई वटा कारण छन् । एक त हाम्रो मानसिकता नै भयो। दोस्रो तिनलाई राजनीतिमा लंच गर्न अपनाइएको बाटो पनि हो ! माज र उद्यम व्यवसायमा स्थापित, सम्पन्न अनि आफ्नै बलबुतामा आमजनतासँग पहुँच बनाउन सक्नेहरूले प्रत्यक्ष निर्वाचन प्रणाली अपनाएर, मतदातालाई आफ्नो राजनैतिक रूचि, क्षमता र योजनामा विश्वस्त बनाएर, छलफल र बहसको अवसर दिएरमात्रै राजनीतिमा आउनु उपयुक्त हुन्छ । ब्याकडोरबाट, सुटुक्क, कुनै छलफल र बहसविना सुरक्षित र आरक्षित बाटो खोजेर आउनुले शंका जन्माएको हुन सक्छ । प्रतिनिधित्वबाट वञ्चित भएका, चुनाब लड्ने खर्चसमेत नभएका, पिछडिएका र मूलधारको राजनीतिले बिर्सिएकाहरूलाई समानुपातिकबाट ल्याउने र एउटा पेसा या व्यवसायमा रहेर सफलता हासिल गरिसकेका र चुनाब लड्न सक्नेहरु प्रत्यक्ष जनतासम्म पुगेर परीक्षित भएर आउनु राम्रो हुने थियो । त्यहाँ प्रश्न सोध्ने र उत्तर दिने अवसर हुन्थ्यो । प्रत्यक्ष जबाफदेहिता हुन्थ्यो ।

समाजको मानसिकता, इच्छा र वस्तुस्थिति बुझेर संयम र सचेतता अपनाउने जिम्मा सबैको हो। स्वयं उम्मेदवारको पनि हो! आफ्ना कारणले सिङ्गो व्यवसाय र समुदायप्रति आक्रोश र भ्रम फैलिन नपाओस् भन्नेमा सचेत त बन्नै पर्छ । हामीले पनि विरोध गर्नुअघि हरेक नागरिकको हक, डिग्निटी र छनोटको सम्मान गर्न पर्छ ।

समाज र सहअस्तित्व नबिगारी मूल्य र पद्धतिका लागि भने लड्दै गरौं! नतिजा आज नआए भोलि आउँछ । आउँदै नआए पनि मूल्यका पक्षमा उभिनु आफैमा जित्नु हो !

# खाल्डाखुल्डी सडक मर्मत

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका-१ अन्तर्गत बुल्दीपुलेदेखि भादगाउँसम्म जोड्ने सडक लामो समयदेखि खाल्डाखुल्डीका कारण जर्जर बन्दै गएको थियो। सडकको खराब अवस्थाका कारण दैनिक रूपमा सवारी साधन सञ्चालनमा कठिनाइ हुनुका साथै पैदलयात्री, विद्यार्थी, वृद्धवृद्धा तथा आपतकालीन सेवासमेत प्रभावित हुँदै आएका थिए ।



यही समस्यालाई मध्यनजर गर्दै सामाजिक अभियान्ता सुदीप गफ्फारको नेतृत्व तथा पहलमा स्थानीय युवाहरूले बिहीबार स्वस्फूर्त रूपमा सडक मर्मत कार्य गरेका छन् । युवाहरूले आफैं आवश्यक सामग्री जुटाई सडकका ठूला-साना खाल्डाखुल्डी पुर्ने, सम्याउने तथा जोखिमयुक्त स्थानमा अस्थायी सुधार गर्ने काम गरेका हुन् ।

स्थानीय बासिन्दाका अनुसार वर्षायाम तथा सवारी चापका कारण सडक थप बिग्रँदै जाँदा दुर्घटनाको जोखिम बढेको थियो । पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि तत्काल सुधार नहुँदा बाध्य भएर युवाहरूले सामाजिक उत्तरदायित्वका रूपमा श्रमदान गरेका हुन् ।

सामाजिक अभियान्ता गफ्फारले नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएको सडक सुरक्षित र सहज बनाउनु सबैको साझा दायित्व भएको बताउँदै सरकार र स्थानीय तहले स्थायी रूपमा सडक सुधार गर्नुपर्ने भए पनि तत्कालका लागि जोखिम कम गर्न युवाहरु एकजुट भएको बताए । युवाहरूको यस पहलले समुदायमा सकारात्मक सन्देश दिएको स्थानीयवासीले बताएका छन् । उनीहरूले यस्ता सामाजिक अभियानले आपसी सहकार्य र जिम्मेवारीबोध बढाउने उल्लेख गर्दै दीर्घकालीन र गुणस्तरीय सडक निर्माणका लागि व्यास नगरपालिकाले चाँडो योजना बनाएर कार्यान्वयन गर्नुपर्ने मागसमेत गरेका छन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४